Intellectual Journal of Academic Research
Volume 01, Issue 01, 2023, Pg. No. 33-44
OPEN ACCESS

Research Article

# सामुदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादन स्तर

निरञ्जन कटेल
उपप्रा. शिक्षा योजना तथा व्यवस्थापन विभाग, सोलुखुम्बु बहुमुखी क्याम्पस

Intellectual Journal of Academic Research (ISSN: 3021-906X)
Copyright © 2023 The Author(s): Published by Myanglung Campus Terhrathum, Nepal. Distributed under the terms of the Creative Commons Attribution 4.0 International License (CC BY-NC 4.0)

## INFO

**Corresponding Author**

**Niranjan Katel**
Assistant Professor,
Solukhumbu Multiple Campus,
Tribhuvan University

**E-mail**
niranjankatel@gmail.com

**Orcid**
https://orcid.org/0009-0009-2220-5393

**Date of Submission**
May 12, 2023

**Date of Acceptance**
July 05, 2023

## ABSTRACT (सार)

विद्यालय सुधार योजना निर्माण, शैक्षणिक योजना निर्माण, शिक्षणमा प्रविधिको प्रयोग, शिक्षकहरुलाई पेसागत विकासका अवसरहरु, विद्यालयको दुरदृष्टि, सोच तथा लक्ष्यहरु सार्वजनिक, विषयगत सिकाई उपलब्धिमा सुधार, विद्यार्थी डायरी व्यवस्थापन, विद्यार्थी आचार संहिता, शिक्षकलाई प्रोत्साहन/पुरस्कार र कार्यसम्पादन स्तरका आधारमा विद्यालयलाई सहयोग प्रदान गर्ने जस्ता कार्यहरु सबै विद्यालयमा हुनुपर्ने देखिन्छ । विद्यालय समुदायको हो र समुदायको दीर्घकालिन विकास विद्यालयबाट नै हुन्छ भन्ने भावना राखी सक्रियताका साथ विद्यालयको समग्र स्तरको सुधारमा प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थी लगायत स्थानीय निकायहरु, प्रदेश र संघको भूमिका महत्वपूर्ण हुन्छ। त्यसैगरी प्रत्येक वर्ष विद्यालयको कार्यसम्पादनको मूल्याङ्कन गाउँपालिकाले खटाएको विशेषज्ञ टोलीबाट गर्न लगाई सुधारका लागि पृष्ठपोषण सहितको कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ। विद्यालयले वृद्धि गरेको शैक्षिक गुणस्तर सूचकहरुको आधारमा आर्थिक अनुदान र अन्य सुविधाहरु बढाउँदै जानु उपयुक्त हुन्छ । गाउँपालिका भरीका विद्यालयको (५–९) कक्षाको परीक्षा गाउँपालिकाको शिक्षा शाखाले सञ्चालन गर्ने। विद्यालयमा खेल शिक्षक र कम्प्युटर शिक्षकको दरबन्दी सृजना र जनशक्ति व्यवस्थापनका लागि प्रदेश र संघले नीतिगत व्यवस्था गर्नु पर्ने देखिन्छ, विद्यालय सुधार योजना बनाउन गाउँपालिकाले विज्ञ समूह पठाई सरोकारवालाहरुको सहभागितामा निर्माण गर्ने जसले गर्दा वास्तविक अवस्था, सुधार गर्नुपर्ने पक्ष, स्रोत साधन, पूँजी आदिको यथार्थ अवस्था प्राप्त भई सुधारात्मक कार्यक्रम सञ्चालन गर्न स्थानीय निकायलाई आधार प्राप्त हुन्छ। थुलुङ दुधकोशी गाउँपालिकाका ९ वटा माध्यमिक विद्यालयलाई स्थानीय स्रोत, साधन र आवश्यकताका आधारमा प्राविधिक र व्यवसायिक शिक्षालयको रुपमा विकास गर्दै लानु पर्ने देखिन्छ। साथै नमुना विद्यालयको भ्रमण र तालिमका लागि प्रदेश सरकारले वि.व्य.स.का पदाधिकारीहरु, शिक्षक अभिभावक संघ र शिक्षकहरुलाई अवसर प्रदान गर्नु पर्दछ, जसले गर्दा कार्यसम्पादनको स्तर बढ्ने देखिन्छ। संघीय सरकारले भौतिक पूर्वाधार, शिक्षक व्यवस्थापन, शैक्षिक सामग्री, ल्याब, पुस्तकालय, खेल सामग्री लगायतका विद्यालयमा हुनुपर्ने न्यूनतम मापदण्ड तयार गर्ने, बजेट व्यवस्थापन गर्ने साथै यसको रेखदेख अनुगमन र पृष्ठपोषण स्थानीय सरकारबाट गर्दा विद्यालयको कार्यसम्पादन स्तरमा थप सुधार गर्न सकिने देखिन्छ।

**शब्दकुञ्जी (Keywords):** कार्यसम्पादन, गुणस्तर, परीक्षण, माध्यमिक, सेवाग्राही सन्तुष्टि

**How to cite this article:** Katel, N. (2023). सामुदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादन स्तर. *Intellectual Journal of Academic Research (IJAR).* 1(1), 33-44.

**पृष्ठभूमि**

सार्वजनिक सेवा प्रदायक निकायहरुले आफूलाई तोकिएको कार्य विवरण बमोजिम कार्य सम्पन्न गरेको अवस्था नै सामान्य अर्थमा कार्य सम्पादन हो। यी निकायहरुले सम्पादन गरेका कार्यहरुको लेखाजोखा गरी वर्तमान अवस्थाका बारेमा वस्तुपरक स्थिति देखाउने कार्यलाई परीक्षण भनिएको छ। तोकिएको कार्य विवरणका आधारमा सबै विद्यालय तथा निकायहरुले आ–आफ्नो कार्य सम्पादन गर्ने गरिए पनि कार्य सम्पादन परीक्षणको अन्तिम लक्ष्य भने सेवाग्राहीको सन्तुष्टि र विद्यार्थीहरुको शैक्षिक उपलब्धि सुधारमा केन्द्रित हुने गर्दछ (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७२)।

कार्य सम्पादन परीक्षणको अवधारणा र अभ्यासको सुरुवात भने सन् १९१६ मा संयुक्त राज्य अमेरिकाबाट भएको पाइन्छ। नेपालमा शैक्षिक निकाय र विद्यालयहरुको कार्य प्रभावकारीता, कार्य सक्षमता र सेवा प्रवाहको गुणस्तरीयताको लेखाजोखा गर्न कार्य सम्पादन स्तरको परीक्षणको अवधारणालाई विद्यालय क्षेत्र सुधार योजना सन् २००९ देखि मात्र व्यवस्थित रुपमा आत्मसात् गरी कार्यान्वयन गरिएको देखिन्छ । विद्यालयहरुको कार्य सम्पादन परीक्षण शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सन् २०१२ देखि गर्दै आएको छ । शिक्षा क्षेत्रमा काम गर्ने निकायहरुको उपलब्धिलाई सुधार गर्न र उक्त निकायहरुले आफ्नो कार्य सम्पादन स्तर प्रति जानकारी भई आगामी दिनहरुमा सुधारात्मक उपायहरुको खोजी गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ नेपाल सरकारले वि.सं. २०६६ सालमा शिक्षा मन्त्रालय अन्तर्गत शैक्षिक गुणस्तर परीक्षण केन्द्रको अस्थायी संरचना स्वीकृती गरी कार्य आरम्भ गरेकोमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतका निकायहरुको पुनसंरचना हुने क्रममा वि.सं. २०७५ मा नेपालमा स्वीकृत दरबन्दी सहित स्थायी संरचनाको रुपमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको पुनसंरचना गरिएको छ। यस केन्द्रले विद्यार्थी सिकाई उपलब्धीको वास्तविक अवस्थाको पहिचान तथा शैक्षिक निकायहरुको कार्य सम्पादन परीक्षण गर्ने जस्ता क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ। शिक्षा क्षेत्रको अनुभव भएका शिक्षक, कर्मचारी, विज्ञ, विशेषज्ञ तथा सरोकारवालाहरुबाट सुझाव संकलन गर्ने र सोका आधारमा आवश्यक परिमार्जन गरी सूचकहरुको विकास र परिमार्जन गरिन्छ। यसरी विकास गरिएका सूचकका आधारमा सम्बन्धित परीक्षक निर्धारित कार्य क्षेत्रमा खटिई बहुस्रोतयुक्त प्रमाणका आधारमा कार्यसम्पादन स्तरको परीक्षण हुने गरेको छ (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७६)।

कार्य सम्पादन परीक्षणको अभ्यासलाई हेर्दा अन्तराष्ट्रिय प्रचलनमा विभिन्न मुलुकहरुमा बेग्लै निकायहरु मार्फत कार्यसम्पादन परीक्षण कार्य सम्पादन हुने गरेको छ। अष्ट्रेलिया र तस्मानियामा आर्थिक कारोबारका बारेमा जानकारी र प्रतिवेदन तयार गर्ने कार्यका लागि, क्यानाडामा परिणाममा आधारित भई सरकारी कार्यको व्यवस्थापन प्रक्रिया र नियन्त्रणबारे प्रतिवेदन तयार गर्ने कार्यका लागि, संयुक्त अधिराज्यमा अपेक्षित उद्देश्य प्राप्ति गर्ने गरी लगानीको उचित मूल्य प्राप्ति र साधन स्रोतहरुको अधिकतम सदुपयोग हुने गरी कार्य सम्पादन भए नभएको लेखाजोखा गर्ने कार्यलाई कार्य सम्पादन परीक्षणको रुपमा लिइएको छ। यसैगरी स्वीडेनमा सरकारी लगानी बारेमा लेखाजोखा र तालमेल हेर्ने, सांस्कृतिक अनुदान दिने, आप्रवासीहरुको भाषा सुधारमा लगानी, उच्च शिक्षाको गुणस्तरमा लगानी, जेष्ठ नागरिकहरुको स्याहार सम्भारमा भएको लगानीका बारेमा प्रतिवेदन तयार गर्ने कार्यमा केन्द्रित रहेको छ । बेल्जियममा कोर्ट अफ अडिटले संग्राहलयको व्यवस्थापन, क्योटो प्रोटोकलको कार्यान्वयन, स्वास्थ्य सेवामा वैज्ञानिक प्रविधिको प्रयोग, श्रमबजारमा कार्यरत समस्याग्रस्त जनताको सहयोगको लागि सरकारी, निजी साझेदारी, सरकारी निकायमा कर्मचारीको व्यवस्थापन र तालिम घरहरु तथा भवनहरुमा उर्जाको उचित प्रयोग, त्यहाँको संघीय तथा क्षेत्रीय स्तरमा साधन र स्रोतको मितव्ययी, दक्षतापूर्ण र प्रभावकारी किसिमबाट परिचालन भएको र विद्यालयमा प्रदान गरिएको प्रशासनिक र शैक्षिक सहयोगका बारेमा कार्य सम्पादन परीक्षण गर्ने गर्दछ (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७२)।

बालबालिकाको गुणस्तरीय शिक्षा पाउने अधिकार संवैधानिक अधिकार हो । गुणस्तरीय शिक्षा प्राप्त गर्ने सबैभन्दा उपयुक्त स्थान भनेका असल विद्यालयहरु हुन्।

कार्यसम्पादन परीक्षणमा लगानीका उपक्षेत्रहरु, जस्तैः विद्यालयको भौतिक सुविधा, शिक्षक, मानव संशोधन र स्थायित्व, समूदायको सहभागिता। प्रक्रियाका उपक्षेत्रहरु जस्तैः कक्षा शिक्षण, विद्यार्थी मूल्याङ्कन,

शिक्षकको पेसागत विकास, नेतृत्व र व्यवस्थापन, अतिरिक्त क्रियाकलाप र उत्पादन/उपलब्धिका उपक्षेत्रहरु जस्तैः नियमितता, कक्षा दोहोऱ्याउने र छोड्ने दर, सिकाई उपलब्धि, सेवाग्राहीको सन्तुष्टि शिक्षकको पेशागत सन्तुष्टिका क्षेत्रमा उद्देश्यपरकता, मितव्ययिता, कार्यकुशलता, प्रभावकारिता, पारदर्शिता, सहभागिता, निष्पक्षता र सन्तुष्टिको सिद्धान्तको आधारमा तयार गरिएको सूचकहरुको आधारमा विद्यालयको परीक्षण गरी त्यसको वास्तविक अवस्था पहिचान गरिन्छ (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७६ (Mishra & Jha, 2023) ।

## समस्याको कथन

राज्यले देशैभरीका जनतालाई सर्वसुलभ रुपमा शिक्षा प्रदान गर्नका लागि समुदायिक विद्यालयहरुको सङ्ख्यात्मक र गुणात्मक विकास गरिरहेको छ । राज्य, समुदाय र स्थानीय निकायहरु विद्यालयहरुको कार्य क्षमता सुधार र अभिवृद्धिमा लागेका छन् । शैक्षिक कार्यक्रमहरु थप हुँदै सेवाहरु विस्तार भइरहेका छन् । आधारभूत तहको शिक्षा निशुल्क र अनिवार्य तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क पाउने हक नेपालको संविधान २०७२ को भाग तीन, मौलिक हक अन्तर्गत धारा ३१ मा उल्लेख भएको छ । जन अपेक्षा अनुसार शैक्षिक कार्यक्रमहरु थप हुँदै गईरहेका छन् । यद्यपी सेवा प्रवाह गरिएका विद्यालयहरुबाट बालबालिकाहरुले प्राप्त गरेको शैक्षिक उपलब्धि आशालाग्दो खालको देखिएको छैन । अभिभावकहरु पनि आफ्ना वालबालिकाहरुको शैक्षिक उपलब्धि प्रति सन्तुष्ट हुन सकिरहेका छैनन् । सामुदायिक विद्यालयहरुको कार्यसम्पादन प्रति व्यापक जनगुनासो बढेको छ । त्यसैले सामुदायिक विद्यालयको लगानी, प्रक्रिया र उपलब्धिका साथै विद्यालयबाट प्रदान गरिएको सेवाबाट शिक्षक, विद्यार्थी र अभिभावकहरुको सन्तुष्टि पहिचान गर्नका लागि “सामुदायिक विद्यालयहरुको कार्यसम्पादन स्तर” शीर्षकलाई समस्याको रुपमा लिई अध्ययन कार्य सम्पन्न गरिएको छ ।

## अध्ययनको उद्देश्य

क) सामुदायिक माध्यमिक विद्यालयको कार्य सम्पादनसँग सम्बन्धित पक्षहरुको अवस्था खोजी गर्नु,

ख) विद्यालय कार्यसम्पादन स्तर सुधारका लागि सुझावहरु सिफारिस गर्नु ।

## अध्ययनको परिसीमा

यो अध्ययन सोलुखुम्बु जिल्लाको थुलुङ दुधकोशी गाउँपालिका अन्तर्गतका ९ ओटा सामुदायिक माध्यमिक विद्यालयमा सीमित गरिएको छ । यस अध्ययनमा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी भक्तपुरद्वारा निर्माण गरिएको विद्यालय कार्यसम्पादन परीक्षण साधन–२०७६” लाई प्रयोग गरिएको छ । यस साधनमा आधारित रहेर विद्यालयका सरोकारवालाहरु अन्तरगत ९ जना प्र.अ., ९ जना वि.व्य.स. अध्यक्ष, प्रत्येक विद्यालयबाट १० जनाका दरले ९ ओटा विद्यालयका ९० जना शिक्षक, ९० जना अभिभावक र ९० जना विद्यार्थीहरुगरी जम्मा २८८ जना उत्तरदाताबाट प्रश्नावली, अवलोकन र अन्तरवार्ताले खोजे अनुसारका सामुदायिक माध्यमिक विद्यालयहरुको कार्यसम्पादन स्तर सम्बन्धमा आवश्यक तथ्य तथ्याङ्क, सूचना र जानकारी संकलन गरिएको छ । यो अनुसन्धान मिश्रित ढाँचामा तयार पारिएको छ । यस अध्ययनमा विद्यालयको लगानी, प्रक्रिया र उपलब्धिका क्षेत्रहरुका आधारमा उपक्षेत्रहरु निर्धारण गरी कूल २६४ अङ्क र सेवा प्रवाह गरिएको विद्यार्थी सङ्ख्यालाई (५) गरी २६९ अङ्कका आधारमा विद्यालयको मूल्याङ्कन गरी समग्र स्तरको निर्धारण गरिएको छ । त्यसैगरी प्राथमिक र द्वितीय दुवै स्रोतबाट विद्यालयका तथ्य तथ्याङ्क सूचना र जानकारी संकलन गरिएको छ । सबै विद्यालयहरुको लगानी प्रक्रिया र उपलब्धिको वि.सं. २०७५ सालको अवस्थालाई हेरिएको छ भने विद्यालयको भौतिक अवस्था लगायत आवश्यक तथ्याङ्कका लागि (२०७६) का तथ्याङ्क र सूचनाहरु पनि यसमा प्रयोग भएका छन् ।

## अध्ययन विधि

यो अध्ययन प्रयोजनवाद दर्शनमा आधरित मिश्रित ढाँचामा तयार पारिएको छ । यस अध्ययनमा थुलुङ दुधकोशी गाउँपालिकाका ९ वटा सामुदायिक माध्यमिक विद्यालयहरु जनतामा मा.वि., जलकल्याण मा.वि., हिमालय मा.वि., कालिकादेवी मा.वि., जनसेवा मा.वि., देउसा मा.वि., जीवनज्योती मा.वि. (नेले), जीवन ज्योती मा.वि. (काँगेल), वीरेन्द्रोदय मा.वि. र उक्त विद्यालयका वि.व्य.स.का पदाधिकारी, शिक्षक, विद्यार्थी,

अभिभावकहरुलाई अध्ययनको जनसंख्याको रुपमा लिइएको छ। त्यसैगरी नमुना छनौटअन्तर्गत उक्त विद्यालयका प्रधानाध्यापक ९ जना र वि.व्य.स.का अध्यक्ष ९ जनालाई स्वतः छनोट गरिएको छ। उक्त विद्यालयमा अध्यापन गर्ने महिला र पुरुष ५/५ जना गरी १० जना शिक्षक शिक्षिकाका दरले ९ वटा विद्यालयबाट ९० जना शिक्षक शिक्षिकालाई उपलब्धताको आधारमा छनौट गरिएको छ र उक्त विद्यालयका ९० जना अभिभावकहरुलाई पनि उपलब्धताको आधारमा छनौट गरिएको छ। थुलुङ दुधकोशी गाउँपालिकाका ९ वटै सामुदायिक माध्यमिक विद्यालयहरुको कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरुमध्ये उद्देश्यमूलक ढङ्गले कक्षा ९ र १० बाट ५/५ जना छात्र छात्रा गरी १० जनाका दरले ९ वटा विद्यालयबाट ९० जना विद्यार्थीहरु छनौट गरिएको छ। यसरी जम्मा २८८ जना उत्तरदातालाई नमुनाको रुपमा छनौट गरिएको छ। यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै स्रोतबाट तथ्य, तथ्याङ्क, सूचना र जानकारी संकलन गरिएको छ।

यस अध्ययनमा वैधता र विश्वसनीयता कायम गर्न अन्तर्वार्ता, अवलोकन र प्रश्नावलीबाट प्राप्त तथ्य तथ्याङ्क, सूचना र जानकारीलाई त्रिकोणात्मक सम्बन्ध स्थापना गरेर तिनीहरुको शुद्धता र वास्तविकता बुझिएको छ। यसका साथै प्राप्त सूचनाहरुलाई विद्यालयका रेकर्डसँग मेल खाने नखाने कुराको समेत खोजी गरिएको छ।

**सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पदानसँग सम्बन्धित पक्षहरुको अवस्था**

थुलुङ दुधकोशी गाउँपालिकाका ९ वटा सामुदायिक विद्यालयको अध्ययन गर्दा ३ वटा विद्यालयेको खेल मैदानलाई प्याराफिट सहित क्षेत्रीय स्तरको खेलमैदानको रुपमा विकास गर्न सकिन्छ। विद्यार्थीलाई पुस्तक राख्ने च्याकसहितको फर्निचरको व्यवस्थापनलाई हेर्दा देउसा मा.वि. देउसाका फर्निचर सबैभन्दा उत्कृष्ट देखिन्छन्। अन्य विद्यालयले पनि बालमैत्री खालका, उमेर अनुसारका फराकिला, बस्न, पढ्न र अभ्यास गर्नका लागि उपयुक्त खालका फर्निचर स्थानीय निकाय वा अभिभावकसँग भएको स्रोत साधनलाई प्रयोग गरी व्यवस्थापन गर्न सकिन्छ। थुलुङ दुधकोशी गाउँपालिकाका ५ वटा विद्यालयमा अतिरिक्त स्रोतको रुपमा सौर्य ऊर्जा र इन्भर्टरको पनि व्यवस्था भएको पाइयो। साथै विद्युत र इन्टरनेटको सुविधा सबै विद्यालयमा भएको पाइयो। चार वटा विद्यालयमा १० देखि १९ जनासम्म विद्यार्थीले १ कम्प्युटर प्रयोग गर्न पाउने अवस्था छ भने अन्य विद्यालयहरुमा कम्प्युटर कम भएका कारण धेरै विद्यार्थीहरुको भागमा १ कम्प्युटर पर्न आउने देखिन्छ।

देउसा मा.वि.ले विद्यालयमा उपलब्ध कम्प्युटर शिक्षकहरुलाई प्रयोग गरी सबै शिक्षक र कर्मचारीहरुलाई विद्यालय समय पछाडि डेढ घण्टाको कम्प्युटर तालिम सञ्चालन गरिरहेको छ। यो कार्यलाई सबै विद्यालयहरुले अनुकरण गर्नु पर्ने देखिन्छ। ३ वटा विद्यालयहरुका २५–५० % शिक्षकहरुले शिक्षणमा प्रविधिको उपयोग गरेको पाइयो भने अन्य विद्यालयहरुका २५ प्रतिशत कम शिक्षकहरुले प्रविधिको प्रयोग गर्ने गरेको पाइयो।

कमजोर र विशेष आवश्यकता भएका विद्यार्थीलाई सहयोगात्मक शिक्षण गर्ने शिक्षकहरु ३ वटा विद्यालयमा पचास प्रतिशत बढी देखियो। अन्य विद्यालयले पनि विद्यालयले कमजोर र विशेष आवश्यकता भएका विद्यार्थीलाई उनीहरुको वैयक्तिक भिन्नताका आधारमा सहयोगात्मक शिक्षण गर्ने कार्यको थालनी विद्यालयहरुले गर्नुपर्ने देखिन्छ। त्यसैगरी तालिम अर्थात बढुवा प्रयोजन वाहेक विगत वर्ष (२०७५) मा ९ वटै विद्यालयका कुनै पनि शिक्षकहरुले कार्यमूलक अनुसन्धान नगरेको पाइयो। यस अध्ययन अनुसार ४ वटा विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोग भएको, अभिलेख अद्यावधिक भएको र शिक्षण सिकाइ सुधारमा प्रयोग भएको पाइयो भने ३ वटा विद्यालयमा निरन्तर मूल्याङ्कनका विद्यार्थीका अभिलेख अद्यावधिक भएतापनि शिक्षण सिकाइ सुधारमा प्रयोग नगरिएको पाइयो।

त्यसैगरी ३ वटा विद्यालयका २०–२५% शिक्षकले प्रश्नपत्र निर्माणमा विशिष्टीकरण तालिकाको प्रयोग गरेको पाइयो। त्यसैगरी अन्य ६ वटा विद्यालयका ५०% बढी शिक्षकहरुले प्रश्नपत्र निर्माणमा विशिष्टीकरण तालिकाको प्रयोग गरेको पाइयो। ४ वटाले अभिभावकको उपस्थितिमा परीक्षाको नतिजालाई मार्कसिट बनाई प्रत्येक विद्यार्थीलाई वितरण गर्ने गरेको पाइयो भने अन्य ५ वटा विद्यालयले अभिभावक र विद्यार्थी सामू नतिजा सुनाउने अर्थात विद्यालयमा नतिजा टाँस गरी जानकारी गराउने गरेको

पाइयो । विद्यालयका शौचालयलाई अवलोकन गर्दा सबै भन्दा धेरै सरसफाई भएको शौचालयको रुपमा जनता मा.वि.को शौचालयलाई लिन सकिन्छ। अन्य विद्यालयका शौचालयहरुमा पानीको व्यवस्थापन, स्यानिटरी प्याड, नियमित सरसफाई, फिनेल, हर्पिक, साबुनका साथै किटाणु मार्ने औषधीहरुको व्यवस्थापन र नियमित प्रयोगमा जोड दिनुपर्ने देखिन्छ।

खेलकुदले विद्यार्थीहरुलाई अनुशासित बनाउन र उनीहरुको चौतर्फी विकासका लागि सहयोग गर्ने भएकोले सबै विद्यार्थीहरुलाई यसमा सहभागी गराउनका लागि दशओटा भन्दा बढी विद्याका सङ्ख्यामा खेलकुद सामाग्री विद्यालयले व्यवस्थापन गर्नु पर्दछ । कुनै पनि विद्यालयसँग दश ओटा भन्दा बढी विद्याका खेलकुद सामाग्री नभएको पाइयो । हिमालय मा.वि., वीरेन्द्रोदय मा.वि., कालिकादेवी मा.वि.को विज्ञान प्रयोगशाला अन्य विद्यालयको भन्दा राम्रो छ। त्यसैगरी जीवनज्योती मा.वि. काँगेलको पुस्तकालय सबै विद्यालयको भन्दा राम्रो रहेको छ। सम्पन्न ल्याब र पुस्तकालयको विकासमा विद्यालय र विद्यालयका सरोकारवालाहरु लाग्नु पर्ने देखिन्छ। विद्यालय घेरावारको अवस्थालाई हेर्दा जनता मा.वि.को पूर्णरुपमा तार जालीको प्रयोग गरी घेराबार गरिएको पाइयो यसले विद्यार्थी ढिला आउने, बीच समयबाट भाग्ने देखि न्यून उपस्थितिको संख्यालाई कम गर्न पनि सकिन्छ । थुलुङ दुधकोशी गाउँपालिकाका ९ वटै विद्यालयमा सबै शिक्षक न्यूनतम योग्यता पूरा भएका छन्। ५ वटा विद्यालयमा पचास प्रतिशत भन्दा बढी माथिल्लो योग्यता भएका शिक्षकहरु छन्।

देउसा मा.वि. देउसाका सतप्रतिशत शिक्षकहरु सूचना प्रविधि (कम्प्यूटर) चलाउने सिप भएका छन्। वीरेन्द्रोदय मा.वि.को २०७५ को औषत शिक्षक उपस्थिति दर नब्बे प्रतिशत भन्दा बढी छ भने अन्य विद्यालयहरुको असी देखि नब्बे प्रतिशत अर्थात औसत शिक्षक उपस्थिति देखिएको छ र विद्यालयमा शिक्षक उपस्थिति नब्बे प्रतिशत भन्दा बढी हुनुलाई राम्रो विद्यालयको रुपमा लिइन्छ। त्यसैगरी ५ वटा विद्यालयहरुको जग्गा जमिनको सन्दर्भमा पचास प्रतिशत माथि दानदातव्यको अनुपात रहेको छ।

थुलुङ दुधकोशी गा.पा.का ९ वटा मा.वि.मा कुनै पनि शिक्षकले वार्षिक शैक्षणिक योजना लिखित रुपमा उतार नगरेको पाइयो । त्यसैगरी ६ वटा विद्यालयका शिक्षकले टिपोट बनाई शिक्षण गर्ने गरेको र ३ वटा विद्यालयका शिक्षकले मानसिक योजना बनाई शिक्षण गर्ने गरेको पाइयो। १ विद्यालयले १ शिक्षकलाई ५ दिने कार्यशालामा पठाएको पाइयो। यो वाहेक शिक्षकको पेसागत विकासका अवसरहरु जस्तै उच्च शिक्षाको अवसर (अध्ययन विदा, बेतलबी विदा), नमुना विद्यालयको भ्रमण, व्यक्तिगत र समूहगत अनुसन्धान, खोजमूलक लेख र प्रकाशन सम्बन्धी कार्य विद्यालय र शिक्षकबाट नभएको पाइयो । आफ्नो विषयमा उत्कृष्ट शिक्षण गर्ने र उत्कृष्ट नतिजा हासिल गराउने शिक्षकलाई पुस्कृत गर्ने नीतिगत व्यवस्थाको थालनी २ वटा विद्यालयमा भएको पाइयो।

विद्यालयमा कुशल नेतृत्व र व्यवस्थापनका लागि असल विद्यालयमा नियमित रुपमा विद्यालय व्यवस्थापन समितिको गठन भएको र यसको गठन सर्वसम्मत् रुपमा भएको हुनु पर्दछ र वर्षभरीमा कम्तीमा १० पटक भन्दा बढी बैठक बसी निर्णय लिइएको र प्रायः सबै निर्णयहरु कार्यान्वयन भएको हुनु पर्दछ। थुलुङ दुधकोशी गाउँपालिकाका ९ वटा माध्यमिक विद्यालयमध्ये ७ वटा विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन भएको पाइयो भने २ वटा विद्यालयमा पुनर्गठन हुन बाँकी रहेको पाइयो। २०७५ सालमा सबैभन्दा धेरै २१ पटक विद्यालय व्यवस्थापन समितिको वैठक हिमालय मा.वि.मा बसेको पाइयो भने सबैभन्दा कम २ वटा विद्यालयमा देखियो।

कालिकादेवी मा.वि.मा वि.व्य.स.को निर्णय २५–५० प्रतिशत कार्यान्वयन भएको पाइयो भने अन्य विद्यालयमा ५०% भन्दा बढी निर्णय कार्यान्वयन हुने गरेको पाइयो। ५ वटा विद्यालयमा शिक्षक अभिभावक संघ गठन हुन नसकेको पाइयो भने ४ वटा मा.वि.मा गठन भएको पाइयो। शिक्षक अभिभावक संघ गठन भएर शिक्षक स्टाफ बैठक वर्षमा ६ पटक भन्दा बढी बसी शैक्षिक निर्णय लिने विद्यालय ६ वटा रहेका छन् जसमा सबैभन्दा बढी जीवन ज्योती मा.वि. नेलेको ९ पटक रहेको छ। त्यसैगरी शिक्षक स्टाफ बैठक कम बसेको विद्यालयको रुपमा ३ वटा विद्यालय जसमा (कालिकादेवी मा.वि.– ३ पटक, हिमालय मा.वि.– ४

पटक र जीवनज्योती मा.वि. काँगेल– ५ पटक) बैठक बसेको देखिएको छ। असल विद्यालय हुनका लागि शिक्षक स्टाफ बैठक नियमित रुपमा बस्ने र विद्यालयको विकासको लागि शैक्षिक निर्णय गर्ने कार्य अपरिहार्य हुन्छ। त्यसैगरी ५ वटा विद्यालयको वि.व्य.स.को निर्णयका विषयवस्तु तथा निर्णय प्रक्रियाका सम्बन्धमा सबै सदस्यहरुले व्यापक छलफल र सहमतिमा निर्णय लिने गरेको पाइयो भने ४ वटा विद्यालयले अध्यक्ष प्र.अ. र केही सदस्यहरुले छलफल र परामर्श लिई त्यसका आधारमा कार्यान्वयन गरेको पाइयो। ७ वटा विद्यालयमा विद्यालय सुधार योजना प्र.अ. र केही शिक्षकहरुको सक्रियतामा निर्माण भएको पाइयो भने २ वटा विद्यालय मात्रै सबै सरोकारवालाको संलग्नतामा निर्माण भएको र अद्यावधिक रहेको पाइयो।

५ वटा विद्यालयले वार्षिक योजना र कार्यक्रम निर्माण गरेको तर वि.व्य.स.बाट पारित नगरेको देखिन्छ। ४ वटा विद्यालयले वार्षिक योजना र कार्यक्रम निर्णय गरी वि.व्य.स.बाट पारित भई कार्यान्वयन गरेको पाइयो। यसैगरी थुलुङ दुधकोशी गाउँपालिकाका ३ वटा विद्यालयमा थुलुङ भाषा प्रतिष्ठानले तयार गरेको पाठ्यक्रमा आधारित रही थुलुङ भाषाको शिक्षण हुने गरेको पाइयो। यसैगरी सुशासन र पारदर्शिताका लागि विद्यालयको आफ्नो विनियमावली मार्गदर्शन र कार्यविधि बनाएको हुनुपर्दछ, उजुरी पेटिकाको व्यवस्था गरेको हुनु पर्दछ। आफ्ना प्रमुख गतिविधिहरु बुलेटिन, पत्रपत्रिका, बेबसाइट आदिका माध्यमबाट प्रकाशन वा प्रसारण गरेको हुनु पर्दछ, विद्यालयका मुख्य मुख्य निर्णयहरु सरोकारवालाको जानकारीका लागि सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी छात्रवृत्ति पाएका विद्यार्थीहरुको नामावली सार्वजनिक गरेको हुनुपर्दछ यी ५ वटा कार्यहरु मध्ये ५ वटा विद्यालयले ३ वटा कार्य गरेको, २ वटा विद्यालयले २ वटा कार्य गरेको, १ विद्यालयले ४ वटा कार्य गरेको र १ विद्यालयले कुनै पनि कार्य नगरेको पाइयो।

३ वटा विद्यालयमा शैक्षणिक योजना रहेको तर वि.व्य.स.बाट पारित भई लिखित रुपमा नै उतार गरी योजना नरहेको पाइयो भने अन्य ६ वटा मा.वि.मा सह/अतिरिक्त क्रियाकलापको योजना लिखित रुपमा नै रहेको पाइयो। त्यसैगरी सबै विद्यालयमा सह/अतिरिक्त क्रियाकलाप योजना ७५ प्रतिशत भन्दा बढी कार्यान्वयन भएको पाइयो।

त्यस्तै विद्यालयहरुमा बालक्लब, रेडक्रस, स्काउट, सदन मध्ये कम्तिमा तीन ओटा गठन भई क्रियाशिल रहेको हुनु पर्दछ। ३ वटा विद्यालय २ वटा गठन भएको अन्य विद्यालयमा कम्तिमा ३ गठन भई क्रियाशिल रहेको पाइयो। विद्यालयमा विद्यार्थीहरुको औषत हाजिरी कम्तिमा ९० प्रतिशत हुनुपर्दछ। त्यसैगरी कक्षा छाड्ने र दोहोऱ्याउने दर २ प्रतिशत भन्दा कममा सीमित गर्न सक्ने विद्यालयलाई असल विद्यालयको रुपमा लिन सकिन्छ। ४ वटा विद्यालयको कक्षा ५ को २०७५ सालको औषत उपस्थिति ९० प्रतिशत भन्दा बढी देखिएको छ भने ४ वटा विद्यालयको औषत उपस्थिति ८०–९०प्रतिशत देखिएको छ यसैगरी १ विद्यालय वीरेन्द्रोदय मा.वि.को औषत उपस्थिति सबैभन्दा कम वा ७० प्रतिशत भन्दा कम रहेको छ।

कक्षा ८ को २०७५ सालको विद्यार्थीको औषत उपस्थिति लाई हेर्दा ३ वटा विद्यालयको ९० प्रतिशत भन्दा बढी देखिन्छ भने ४ वटा विद्यालय (जनसेवा, देउसा, जनकल्याण र हिमालय मा.वि.) को औषत उपस्थिति ८०–९० प्रतिशत देखिन्छ भने कालिकादेवी र वीरेन्द्रोदयको ७० प्रतिशत भन्दा कम देखिएको छ। २०७५ सालको कक्षा ५ को नेपाली विषयको औषत सिकाई उपलब्धि ३ वटा विद्यालयको गत वर्ष भन्दा घटे तापनि राष्ट्रिय औषत भन्दा बढी देखियो साथै अन्य ६ वटा विद्यालयको राष्ट्रिय औषत बराबर वा सो भन्दा बढी भई गत वर्ष (२०७४) भन्दा बढेको देखिन्छ।

कक्षा ८ को गणित विषयको औसत सिकाई उपलब्धि ५ वटा विद्यालयको राष्ट्रिय औसतभन्दा बढी रहेको पाइयो भने ४ वटा विद्यालयको राष्ट्रिय औसतभन्दा कम रहेको पाइयो। त्यसैगरी SEE को २०७५ सालको औसत GPA लाई हेर्दा ५०% भन्दा बढी विद्यार्थीको GPA १.६ भन्दा बढी भई २.४ सम्म भएका विद्यालय ६ वटा पाइयो भने ३ वटा विद्यालयको ५० प्रतिशत भन्दा बढीको GPA २.४ वा २.४ भन्दा बढी ३.२ सम्म भएका विद्यालयहरु ३ वटा देखिएका छन्।

थुलुङ दुधकोशीका ९ वटै विद्यालयका अभिभावकहरुका अनुसार विद्यालयले प्रदान गरेको सेवाप्रति मध्यम सन्तुष्टि देखिन्छ। विद्यालयले कम्पाउण्ड

भित्र चमेनागृहको व्यवस्थापन गर्न सकिन्छ। यसबाट शिक्षक विद्यार्थीहरुले स्वस्थकर खानेकुरा खान पाउनुका साथै क्यानटिन संचालकबाट भाडा लिई विद्यालयलार्य अतिरिक्त आम्दानी गराउन सकिन्छ। विद्यालयले "एक अभिभावक एक पुस्तक" सहयोगको योजना निर्माण गरी सामान्यतया सबै अभिभावकलाई अनुरोध गरी अभिभावकबाट पुस्तक सङ्कलन गर्न सकिनेछ। त्यसैगरी विद्यार्थीहरुलाई "मेरो जन्मदिन मेरो पुस्तकालय" को नारा निर्माण गरी माथिल्लो कक्षा (६–१२) का विद्यार्थीहरुलाई यो अभियान अन्तर्गत समावेश गरी विद्यालयले लाइब्रेरीलाई सम्बृद्ध बनाउदै लैजान सक्छ।

विद्यालय समुदाय सम्बन्ध विस्तारका कार्यक्रमहरु जस्तै : विद्यालयले प्रौढ शिक्षा, सचेतनामूलक कार्यक्रम, कृषि, पशुपालन सम्बन्धी कार्यक्रम लगायतका कार्यक्रमहरु सञ्चालन गरेर पनि अभिभावकसँग विद्यालयले जजिकको सम्बन्ध गाँस्न सक्छ। विद्यालयमा घटिमा ५० वटा कम्प्युटर जडित कम्प्युटर ल्याब व्यवस्थापन गर्न आवश्यक देखिन्छ। कम्प्युटर सम्बन्धी विज्ञता हासिल गरेको जनशक्ति विद्यालयमा भए उसलाई प्रयोग गरी नभए ५/६ महिनाको लागि कम्प्युटर सम्बन्धि दक्ष व्यक्ति नियुक्त गरी। विद्यालयका सबै शिक्षक र कर्मचारीहरुलाई कम्प्युटर सम्बन्धी तालिम प्राप्त गर्न सकिन्छ।

विद्यालयहरुमा विद्यार्थीहरुका लागि सफा पिउने पानीको अभाव छ, त्यसैले विद्यालयले फिल्टरको व्यवस्था सहित खानेपानीको प्रबन्ध गर्नुपर्ने देखिन्छ। विद्यालयका शौचालयहरुको सरसफाई र छात्राहरुलाई स्यानिटेरी प्याड व्यवस्थापनका लागि स्थान सहितको सामाग्रीको व्यवस्था विद्यालयले मिलाउनु पर्दछ। यसले छात्राहरुको विद्यालय नियमितताको दर बढ्दछ।

विद्यालयले विद्यालय सुधार योजनामार्फत विद्यालयहरुको गुणस्तर सुधारका सूचकसहितको योजना सरोकारवाला सबैको उपस्थितिमा निर्माण गरी सरोकारवालाहरुलाई पनि उनीहरुको योग्यता, क्षमता र इच्छा अनुसार विद्यालय सुधारमा परिचालन गरी विद्यालयको सर्वपक्षीय विकासमा आवद्ध गर्नु सान्दर्भिक हुन्छ।

प्र.अ.को पदलाई अधिकार सम्पन्न बनाउने पर्ने सबै विद्यलयका प्र.अ.को शिक्षण कार्यभार घटाई अनुगमन, सुपरिवेक्षण, योजना निर्माण, मूल्याङ्कन, व्यवस्थापन, अभिभावक, शिक्षक, विद्यार्थी समन्वय र परिचालनमा केन्द्रित गर्दा समग्र प्रतिफल उच्च हुन आउँछ। विद्यालयले प्रदान गरेको सेवा सम्बन्धमा सबै सरोकारवालाहरुलाई प्रत्येक वर्ष सामाजिक परीक्षण गराई जानकारी गराउने। उत्कृष्ट शिक्षकलाई पुरस्कृत गर्ने नीतिगत व्यवस्था २ वटा विद्यालयमा देखिएको छ, अन्य ७ वटै विद्यालयमा यसको व्यवस्था गर्ने र पुरस्कारका लागि छनौट गर्दा शिक्षकको विषयगत सिकाइ उपलब्धि, शैक्षिक नेतृत्व, अनुसन्धान, लेखन, प्रकाशन, विद्यार्थीहरुलाई गराएका परियोजना कार्यहरु लगायतका आधारमा वि.व्य.स., शि.अ.सं., प्र.अ. र विद्यार्थीहरुको मतका आधारमा छनौट गरी पुरस्कृत गरी शिक्षकहरुलाई उत्प्रेरित गर्न सकिन्छ।

शिक्षकको पेशागत विकासका लागि उच्च शिक्षाको अवसर, अध्ययन बिदा, नमूना विद्यालयको भ्रमण, व्यक्तिगत र समूहगत अनुसन्धान, खोजमूलक लेखन र प्रकाशनका अवसरहरु विद्यालयमा सिर्जना हुँदा शिक्षकहरुको क्षमता विकासमा थप सहयोग पुग्छ। विद्यार्थीहरुको क्षमता विकासका लागि स्मारिका, भित्तेपात्रो आदि प्रकाशनलाई निरन्तरता दिनु आवश्यक देखिन्छ। सबै विद्यालयहरुले विद्यालयको दुरदृष्टि तथा सोच तथा लक्ष्य सार्वजनिक हुने गरी विद्यालयमा व्यवस्थापन गर्नु पर्ने देखिन्छ।विद्यालयका मुख्य–मुख्य निर्णयहरु सरोकारवालाको जानकारीका लागि सार्वजनिक गर्नु पर्दछ। यसका लागि विद्यालयले बुलेटिन, पत्रपत्रिका, फेसबुक, वेवसाइट आदिको प्रयोग गर्न सक्छ।

कक्षा ५ र ८ को नेपाली र गणित विषयको सिकाई उपलब्धि र SEE को औसत GPA लाई हेर्दा सन्तोषजनक छैन त्यसैले सबै विद्यालयहरुले सिकाई उपलब्धि वृद्धि गर्न योजनाबद्ध ढंगले शिक्षक, विद्यार्थी र सरोकारवालाहरु लाग्नु पर्ने देखिन्छ। थुलुङ दुधकोशीका ९ वटै विद्यालयका अभिभावकहरु विद्यालयले प्रदान गरेको सेवाप्रति मध्यम सन्तुष्टि देखिन्छ। साथै विद्यालयले अभिभावकहरुलाई हरेक निर्णय प्रक्रियामा सहभागी गराउनु पर्ने, अभिभावकहरुलाई

जिम्मेवारी प्रदान गर्नुपर्ने, विद्यार्थी आचारसंहिता, विद्यालय डायरी व्यवस्थापन, विद्यार्थीलाई अनुशासित बनाउन सुझाव दिएका छन् । ९ वटै विद्यालयले प्रदान गरेको सेवाप्रति विद्यार्थीहरुले पनि मध्यम सन्तुष्टि व्यक्त गरेका छन् । उनीहरुले विज्ञान प्रयोगशालाको प्रयोग बढाउनु पर्ने, पुस्तकालयमा बसेर पढ्ने व्यवस्था सहित पुस्तक घरमा लैजान पाउने व्यवस्था मिलाउनु पर्ने, शौचालयमा साबुन, पानी र सरसफाईको व्यवस्था मिलाउनु पर्ने, प्रयोगात्मक कार्यका लागि विषयगत सामाग्रीको व्यवस्था गर्नुपर्ने, कमजोर विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध, कम्प्युटर सिक्ने अवसर, विद्यार्थी अनुशासन, शैक्षिक भ्रमण जस्ता विषयमा जोड दिनु पर्ने सुझावहरु प्राप्त भएका छन् । यी विषयहरुमा पनि विद्यालय र सरोकारवाला निकायले ध्यान दिनु पर्ने देखिन्छ । उक्त अध्ययनको क्रममा अनुसन्धानकर्ताले मुख्य व्यक्तिहरुसँगको छलफलमा बदलिदो शिक्षा प्रणालीको सन्दर्भमा विद्यार्थी, अध्ययन, अध्यापनको प्रविधि, समाजको परिवर्तनलाई प्रभावरकारी हुने गरी सुझाव दिइएको छ । यस सन्दर्भलाई प्रष्ट पार्न प्राध्यापक मिश्रको Digital Academic Operation: A Case of Nepal (Mishra 2023). Teaching and Rejection operation at Pokhara University (Mishra, 2022), Be prepare for futuristic & Sustainable Academic Operation (Mishra & Nepal 2022) तथा Industry 4:0 Concept for Nepal (Mishra et. al, 2022) लाई समेत आधार बनाइएको छ।

**निष्कर्ष**

थुलुङ दुधकोशी गाउँपालिकाका ९ वटा सामुदायिक विद्यालयको अध्ययन गर्दा तालिम अर्थात बढुवा प्रयोजन वाहेक विगत वर्ष (२०७५) मा ९ वटै विद्यालयका कुनै पनि शिक्षक शिक्षिकाहरुले कार्यमूलक अनुसन्धान नगरेको पाइयो । विद्युत र इन्टरनेटको सुविधा सबै विद्यालयमा रहेको पाइयो यसले शिक्षण सिकाईलाई थप सहज बनाएको देखिन्छ । सबै विद्यालयमा कम्प्युटरको उपलब्धता रहेको र विद्यालयमा उपलब्ध कम्प्युटर प्रयोग गरी सबै शिक्षक र कर्मचारीहरुलाई विद्यालयमा कम्प्युटर तालिम सञ्चालन गर्ने विद्यालयको संख्या १ रहेको छ । शिक्षण सिकाईको महत्वपूर्ण कार्य अन्तर्गतको निरन्तर विद्यार्थी मूल्याङ्कको अभिलेख अद्यावधिक गर्ने र शिक्षण सिकाइमा सुधार गर्न सबै लाग्नु पर्ने देखिन्छ। त्यसैगरी ३ वटा विद्यालयका २०–२५ प्रतिशत शिक्षकले प्रश्नपत्र निर्माणमा विशिष्टीकरण तालिकाको प्रयोग गरेको पाइयो साथै सबै विद्यालयमा यसको नियमित प्रयोग गर्न शिक्षकहरुलाई तालिम र सीप सिकाउनुपर्ने देखिन्छ। विद्यालयका शौचालयलाई अवलोकन गर्दा शौचालयहरुमा पानीको व्यवस्थापन, स्यानिटरी प्याड, नियमित सरसफाई, फिनेल, हर्पिक, साबुनका साथै किटाणु मार्ने औषधीहरुको व्यवस्थापन प्राय न्यून छ । त्यसैले उक्त स्रोत साधनहरुको नियमित उपलब्धता र प्रयोगको वातावरण सरोकारवाला निकायहरुले गर्नुपर्ने देखिन्छ।

कुनै पनि विद्यालयसँग दश ओटा भन्दा बढी विद्याका खेलकुद सामाग्री नभएको पाइयो । विद्यालयको विज्ञान प्रयोगशाला र पुस्तकालयको प्रयोग विद्यार्थीहरुबाट कम हुने भएको हुँदा प्रयोगगको दर बढाउनुपर्ने देखिन्छ। थुलुङ दुधकोशी गाउँपालिकाका ९ वटै विद्यालयमा सबै शिक्षक न्यूनतम योग्यता पूरा भएका छन् साथै ५ वटा विद्यालय मा पचास प्रतिशत भन्दा बढी माथिल्लो योग्यता भएका शिक्षकहरु छन् साथै उपलब्ध शिक्षक शिक्षिकाहरुको विद्यालयको उपस्थितिदर सन्तोषजनक देखिन्छ तर ९ वटै विद्यालयका कुनै पनि शिक्षकले वार्षिक शैक्षणिक योजना लिखित रुपमा उतार नगरेको पाइयो। शैक्षिणिक योजनाको निर्माणमा शिक्षक शिक्षिकाहरुलाई प्रोत्साहित गर्नुपर्ने देखिन्छ। आफ्नो विषयमा उत्कृष्ट शिक्षण गर्ने र उत्कृष्ट नतिजा हासिल गराउने शिक्षकलाई पुस्कृत गर्ने नीतिगत व्यवस्थाको थालनी २ वटा विद्यालयमा भएको पाइयो।

२०७५ सालको कक्षा ५ को नेपाली विषयको औषत सिकाइ उपलब्धि ३ वटा विद्यालयको गत वर्ष भन्दा घटे तापनि राष्ट्रिय औषत भन्दा बढी देखियो साथै अन्य ६ वटा विद्यालयको राष्ट्रिय औषत बराबर वा सो भन्दा बढी भई गत वर्ष (२०७४) भन्दा बढेको देखिन्छ। कक्षा ८ को गणित विषयको औसत सिकाइ उपलब्धि ५ वटा विद्यालयको राष्ट्रिय औसतभन्दा बढी रहेको पाइयो भने ४ वटा विद्यालयको राष्ट्रिय औसतभन्दा कम रहेको पाइयो । त्यसैगरी SEE को २०७५ सालको औसत GPA लाई हेर्दा ५० प्रतिशत भन्दा बढी विद्यार्थीको GPA १.६ भन्दा बढी भई २.४ सम्म भएका विद्यालय ६ वटा पाइयो भने

३ वटा विद्यालयको ५० प्रतिशत भन्दा बढीको GPA २.४ वा २.४ भन्दा बढी ३.२ सम्म भएका विद्यालयहरु ३ वटा देखिएका छन् । थुलुङदुधकोशीका ९ वटै विद्यालयका अभिभावकहरुले दिएको प्रतिक्रिया अनुसार विद्यालयले प्रदान गरेको सेवाप्रति मध्यम सन्तुष्टि देखिन्छ । ९ वटै विद्यालयले प्रदान गरेको सेवाप्रति विद्यार्थीहरुले पनि मध्यम सन्तुष्टि व्यक्त गरेका छन् ।

त्यसैले माथि उल्लेखित सबै समस्या समाधानमा प्र.अ.को भूमिका अग्रणी हुन्छ त्यसैले प्र.अ.को पदलाई अधिकार सम्पन्न बनाउने सबै प्र.अ.को शिक्षण कार्यभार घटाई अनुगमन, सुपरिवेक्षण, योजना निर्माण, मूल्याङ्कन, व्यवस्थापन, अभिभावक, शिक्षक, विद्यार्थी समन्वय र परिचालनमा केन्द्रित गर्दा समग्र प्रतिफल उच्च देखिन्छ । शिक्षकको पेशागत विकासका लागि उच्च शिक्षाको अवसर, अध्ययन विदा, नमूना विद्यालयको भ्रमण, व्यक्तिगत र समूहगत अनुसन्धान, खोजमूलक लेखन र प्रकाशनका अवसरहरु विद्यालयमा सिर्जना हुँदा शिक्षकहरुको क्षमता विकासमा थप सहयोग पुग्छ ।

विद्यालय सुधार योजना सरोकारवालाहरु, वि.व्य.स., गाउँपालिकाका प्रतिनिधिहरु, विषय विज्ञ साथै विद्यालयका शिक्षक र कर्मचारीहरु सबैको पहलमा तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। वि.व्य.स. र सरोकारवालाहरुको उपस्थिति विद्यालयमा नियमित बढाउनु पर्ने देखिन्छ । गाउँपालिका, प्रदेश र संघिय सरकारले उपलब्धिका आधारमा सेवा सुविधाहरु विद्यालयमा बढाउनुपर्ने देखिन्छ । साथै विद्यालयमा हुनुपर्ने आधारभूत सेवा सुविधाहरुको सूचि बनाई त्यसको व्यवस्थापनमा सराकारवाला निकायहरु लाग्नु पर्ने देखिन्छ । बालबालिकाहरुको सर्वपक्षीय क्षमताहरुको विकास गर्नका लागि विद्यालयले स्पष्ट नीति कार्यक्रम र योजनाहरु ल्याउनु पर्ने देखिन्छ ।

**विद्यालय कार्यसम्पादन स्तर सुधारका लागि सुझावहरु**

यस अध्ययन अनुसन्धानको क्रममा थुलुङ दुधकोशी गाउँपालिका भित्रका ९ वटा सामुदायिक विद्यालयहरुको कार्यसम्पादनको स्तर सन्दर्भमा गरिएको खोजीका आधारमा निम्न अनुसारका सुझावहरु पेश गरिएको छ :

**स्थानीय तह** (**गाउँपालिका**)

आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन सम्बन्धि सम्पूर्ण जिम्मेवारी स्थानीय तहलाई भएको वर्तमान सन्दर्भमा विद्यालय कार्यसम्पादन परीक्षणको यो अध्ययन प्रतिवेदनले विद्यालयको अवस्थालाई हेरेर विद्यालय सुधारका नीति, योजना र कार्यक्रमहरु व्यवस्थापन गर्न थप सहयोग पुऱ्याउनुका साथै निम्न हिसाबले यसलाई प्रयोग गर्न सकिन्छ ।

१) विद्यालयलाई शिक्षण सिकाई सुधारका योजना विषयगत रुपमा निर्माण गर्न लगाई सुधार योजनाको आवश्यक मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्ने ।

२) प्र.अ.लाई पूर्ण रुपमा विषय शिक्षकबाट अलग गरी योजना निर्माण, व्यवस्थापन, कार्यान्वयन लगायत अनुगमन, सुपरिवेक्षण, अभिभावक, शिक्षक, विद्यार्थी समन्वय र परिचालनको जिम्मा दिने नीतिगत व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

३) गाउँपालिका भरीका सबै विद्यालयको (५–९) कक्षाको वार्षिक परीक्षाका प्रश्नहरु गाउँपालिकाको शिक्षा शाखाले निर्माण गरी परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्दा गाउँपालिका भरीको विद्यालयको मूल्याङ्गनमा एकरुपता आउनुका साथै विषयगत रुपमा पृष्ठपोषण र सुधारका लागि आधार प्राप्त हुने देखिन्छ ।

४) गाउँपालिका भित्रका विद्यालयको शैक्षिक उपलब्धि सुधारका आधारमा (Performance Based Funding) मा जोड दिने अर्थात विद्यालयले वृद्धि गरेको शैक्षिक गुणस्तर सूचकहरुको सुधारका आधारमा गाउँपालिकाले आर्थिक अनुदान र अन्य सुविधाहरु वृद्धि गर्दै जानु उपर्युक्त हुन्छ ।

५) गाउँपालिका भित्रका विद्यालयको उपलब्धिलाई हेरी उत्कृष्ट नतिजा हासिल गराउन सफल शिक्षकलाई पुरस्कृत गर्ने व्यवस्था गर्नु उपर्युक्त हुन्छ ।

६) प्रत्येक वर्ष विद्यालयको समग्र कार्यसम्पादनको मूल्याङ्कन विशेषज्ञ टोलीबाट गर्न लगाई सुधारका लागि पृष्ठपोषण सहितको कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

७) गाउँपालिका (स्थानीय तह) ले प्र.अ., शिक्षक र कर्मचारीहरुलाई नमूना विद्यालयको भ्रमणको अवसर प्रदान गरी विद्यालयको समग्र कार्यसम्पादनको स्तर बढाउन पहल गर्नु पर्ने देखिन्छ।

८) थुलुङ दुधकोशीका ८ वटा माध्यमिक विद्यालयहरुमा घेरावार र खानेपानीको समस्या छ। यसलाई सम्बोधन गर्न गाउँपालिका, विद्यालय र अभिभावकको संयुक्त कार्यदल बनाई कार्य गर्नुपर्ने देखिन्छ।

९) राम्रो शैक्षिक उपलब्धि हासिल गराउने, अध्ययन अनुसन्धान, रचना, कृति, विषयगत उत्कृष्ट परियोजना कार्यहरु विद्यालयमा सम्पन्न गराउने शिक्षकहरुलाई बढुवामा प्राथमिकता दिनु उपर्युक्त हुन्छ।

१०) विद्यालयमा खेल शिक्षक र कम्प्युटर शिक्षकको दरबन्दी र जनशक्ति व्यवस्थापन गर्नका लागि सम्बन्धित निकायमा पहल कदमी गर्नु पर्ने देखिन्छ। त्यसैगरी सबै विद्यालयका पुस्तकालयहरु र सन्दर्भ सामाग्रीहरु व्यवस्थापन गरी विद्यालय अवधिभर खुल्ला रही, सामाग्रीहरु पढ्न र घर लैजान पाउने वातावरण सहित कर्मचारीको व्यवस्थापनका लागि सम्बन्धित निकायमा पहल गर्नु पर्ने देखिन्छ।

११) शिक्षकहरुलाई निजामती कर्मचारी सरह स्थानीय भत्ता व्यवस्था गर्न पहल गर्नु आवश्यक छ र स्थानीय भत्ता Performance based अर्थात कार्यसम्पादनमा आधारित हुनु पर्ने र यसको मूल्याङ्कन स्वतन्त्र परीक्षकले गर्ने व्यवस्था गर्नु आवश्यक छ। यसले पनि गुणस्तर सुधारमा थप प्रेरणा प्रदान गर्न सक्छ।

१२) प्रत्येक विद्यालयमा विद्यालय सुधार योजना बनाउन गाउँपालिकाले विज्ञ समूह पठाई सरोकारवालाहरुको सहभागितामा निर्माण गर्ने जसले गर्दा वास्तविक आवश्यकता, सुधार गर्नुपर्ने पक्ष, वर्तमान अवस्था, श्रोत साधन आदिको यथार्थ अवस्था पहिचान गर्नका साथै सुधारात्मक कार्यक्रमहरु सञ्चालन गर्न गाउँपालिकालाई आधार प्राप्त हुन्छ।

१३) थुलुङ दुधकोशीका ९ वटा माध्यमिक विद्यालयलाई छनौट गरी सम्भाव्यताको अध्ययन गरी उक्त विद्यालयहरुलाई साधारण, प्राविधिक र व्यवसायिक शिक्षालयको रुपमा विकास गर्नु आवश्यक देखिन्छ। त्यसैगरी गाउँपालिकामा एक आवासीय प्राविधिक विद्यालयको विकासमा जोड दिनु पर्ने देखिन्छ।

१४) विद्यालयले प्रदान गरिरहेको सेवा विश्वसनीय, गुणस्तर एवम् पारदर्शिता कायम गर्न सूचना प्रविधिको विकास र प्रयोगमा जोड दिनु उपयुक्त हुन्छ।

१५) शिक्षा विकासका लागि माथिल्लो तह/सरकारसँग समन्वय र सिफारिस गर्ने।

१६) कार्यसम्पादन स्तरको विश्लेषण र तुलनाबाट विद्यालयभित्र स्वच्छ शैक्षिक प्रतिस्पर्धाको वातावरण सिर्जना गर्ने।

**प्रदेश तह**

कार्यसम्पादन परीक्षण गरिएका विद्यालयहरुको परीक्षण प्रतिवेदनका आधारमा प्रवेश तहबाट निम्न कार्यहरु गर्न सकिन्छ।

१) प्रदेश सरकारले प्रत्येक विद्यालयमा कम्प्युटर र खेल शिक्षकको दरबन्दी स्वीकृती र बजेट व्यवस्थापनका लागि आवश्यक निति निर्माणका लागि सङ्घीय तहमा सिफारिस गर्ने।

२) थुलुङ दुधकोशी गाउँपालिका ९ वटा विद्यालयलाई स्थानीय श्रोत, साधन र आवश्यकताका आधारमा प्राविधिक र व्यवसायिक शिक्षालयको रुपमा विकास गर्न पहल गर्ने।

३) प्रवेश सरकारले सबै माध्यमिक विद्यालयमा कम्तीमा ५० वटा कम्प्युटर सहितको ल्याब निर्माणमा बजेट व्यवस्थापन गर्ने।

४) गाउँपालिका भरीका विद्यालयको न्यूनतम उपलब्धि/नतिजाको मापदण्ड तोकी सर्वोत्कृष्ट हुने विद्यालयलाई प्रदेश सरकारले विद्यालयको स्तर उकास्नका लागि बजेट व्यवस्थापनको नीति निर्माण गर्नु पर्ने।

५) विद्यालयहरुलाई कार्यसम्पादनका आधारमा सुविधा/बजेट थप गर्दा विद्यालयहरुमा कार्यसम्पादनको स्तर बढ्ने देखिन्छ।

६) नमूना विद्यालयको भ्रमण र तालिमका लागि प्रदेश सरकारले वि.व्य.स. पदाधिकारी, शिक्षक अभिभावक संघ र शिक्षकहरुलाई अवसर प्रदान गर्दा

कार्यसम्पादनको स्तर बढ्ने देखिन्छ।

७) विद्यालयका पुस्तकालयहरुमा पुस्तक र सन्दर्भ सामाग्रीहरु व्यवस्थापन गरी विद्यालय अवधिभर पुस्तकालय खुला रही सामाग्रीहरु पढ्न र घर लैजान पाउने व्यवस्थापन सहितको कर्मचारीको व्यवस्थापनको व्यवस्था गर्नु आवश्यक देखिन्छ।

८) शैक्षिक दृष्टिले पालिकाको स्तर निर्धारण गरी समन्वयात्मक रुपमा कार्य गर्न पालिकालाई प्रोत्साह गर्ने।

९) शैक्षिक क्षेत्रमा प्रदेश स्तरीय बजेट व्यवस्थापनका लागि नतिजाको उपयोग गर्ने।

**संङ्घीय तह**

थुलुङ् दुधकोशी गाउँपालिकाको ९ वटा माध्यमिक विद्यालयमा गरिएको कार्य सम्पादन परीक्षणको आधारमा प्राप्त नतिजाको आधारमा सङ्घीय तहले निम्न कार्यहरु गर्न सक्ने देखिन्छ।

१) भौतिक पूर्वाधार, शिक्षक व्यवस्थापन, शैक्षिक सामाग्री, ल्याब, पुस्तकालय, खेल सामाग्री लगायतका विद्यालयमा हुनुपर्ने आधारभूत पक्षहरुको न्यूनतम मापदण्ड तयार गर्ने, बजेट व्यवस्थापन गर्ने र यसको परिचालनका लागि प्रदेश र स्थानीय तहलाई परिचालन गर्ने।

२) शैक्षिक क्रियाकलापका लागि प्रदेश तथा स्थानीय तहलाई प्रदान गरिने साधन स्रोत सम्बन्धी आधार तयार गर्ने।

३) शैक्षिक विकासका निम्ति प्रदेश र स्थानीय तहहरुको भूमिका स्पष्ट पारि दिने।

**सन्दर्भ सामग्रीहरू**

खनाल, पेशल (२०६८), शैक्षिक अनुसन्धान पद्धति, काठमाडौं : सनलाइट पब्लिकेशन।

नेपाल सरकार (२०७५), नेपालको संविधान २०७२, काठमाडौं : कानून न्याय तथा संसदीय मामिला मन्त्रालय।

निउरे, ध्रुवप्रसाद (२०६९), अनुसन्धान पद्धति, काठमाडौं : क्वेस्ट पब्लिकेशन।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७२), जिल्ला शिक्षा कार्यालय कार्यसम्पादन परीक्षण साधन–२०७२, श्रोतकेन्द्र कार्यसम्पादन परीक्षण साधन २०७२ र सामुदायिक विद्यालय कार्यसम्पादन परीक्षण साधन २०७२ भक्तपुर : शैक्षिक गुणस्तर परीक्षण केन्द्र।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७३), शैक्षिक निकाय कार्यसम्पादन परीक्षणको ढाँचा–२०७३,भक्तपुर : शैक्षिक गुणस्तर परीक्षण केन्द्र।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७३), कार्यसम्पादन परीक्षण प्रतिवेदन– २०७२भक्तपुर : शैक्षिक गुणस्तर परीक्षण केन्द्र।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७६), विद्यालय कार्यसम्पादन परीक्षण मार्गदर्शन पुस्तिका– २०७६, भक्तपुर : शैक्षिक गुणस्तर परीक्षण केन्द्र।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७६), सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण प्रतिवेदन– २०७६, भक्तपुरः शैक्षिक गुणस्तर परीक्षण केन्द्र।

INTOSAI (2015), Standards and guidelines for pertormance auditing based on INTOSASI's standrads and practical experiences, Copenhagen: INTOSAI. http://www.issai.org/media/13517/performance_audit _guidelines_e.pd

A.K. Mishra, Nepal Ananda, P. S. Aithal, (August 2022). Industry 4.0 Concept for Nepal - Operating Virtual Farming Industry. PP- 31-35, Proceedings on Future Trends in ICCT and its Applications in IT, Management and Education, Editors: Dr. Krishna Prasad, K., Dr. P. S. Aithal, & Dr. A. Jayanthiladevi, ISBN: 978-81-949961-8-7,

https://doi.org/10.5281/zenodo.7215189

Anjay Kumar Mishra. (2023). Digital Academic Operation: A Case of Nepal. Zenodo. https://doi.org/10.5281/zenodo.8066273

Mishra,A.K. (2022). Teaching and Research Operation at Pokhara University. Zenodo. https://doi.org/10.5281/zenodo.7045640

Mishra, A. K. & Nepal Ananda, (2022). Be Prepared for Futuristic Sustainable AcademicOperation. 9th International Conference on Modern Education and New Learning Technologies,ISBN Number: 978-920-5-20233-4, 63-67, https://doi.org/10.5281/zenodo.7748843.

Anjay Kumar Mishra, & Phul Babu Jha. (2023). Emergence of Quality Assurance and Accreditation—Context of Higher Education in Nepal. Zenodo. https://doi.org/10.5281/zenodo.8065756

◆◆◆◆